

अगमसिंह गिरी वार्ता सञ्चयन–१

# वार्ताहरूमा कवि गिरी

Scanned with ACE Scanner

अगमसिंह गिरी वार्ता सञ्चयन- १

# वार्ताहरूमा कवि गिरी

**प्रकाशक**
सिलगडी नेपाली साहित्य संस्थान
आमा खड्कालय, दुर्गागडी, दार्जिलिङ मोड
सिलगडी, दार्जिलिङ जिल्ला
पश्चिम बङ्गाल, भारत

-का पक्षमा
उपमा प्रब्लिकेसन,
कालेबुङ

आवरण अनि अक्षर संयोजन : सुधीर छेत्री
प्रति : ५००

© सिलगडी नेपाली साहित्य संस्थान

**पहिलो संस्करण** : दिसम्बर, २०२१
मूल्य : २००/-

ISBN : 978-93-92035-11-1

Scanned with ACE Scanner

# 'म विक्षोभहरूमा अमरत्व खोज्दिनँ'

रेमिका थापा

"मलाई कहीँ कसैले पनि कवि नभन्दिओस् भन्छु। म कवि होइन। त्यो ठुलो चिज भयो। आफ्नो कुरा लेख्ने अथवा यस्तै केही हूँ म"[१] - गिरीले यसो भने तापनि यसबाट के बुझिन्छ भने यस्तो अनन्य विनम्रता एकजना साँचो कविले नै पाल्नसक्ने कुरो हो। यस्तो उदार स्वभाव र निर्मल चित्तका धनी गिरीका कविताले नै एकपछि अर्को गर्दै सहृदयलाई तानेर कविका नजिकसम्म पुऱ्याउँछन्। गिरी आफैले नस्विकारे तापनि पाठकहरू उनका कवितासितै कविलाई पनि आत्मसात गर्दछन् - प्रतिभाबाट छहरा छुटे कसको हृदय नछोला? लोकमा कविताको दिगो प्रभावकै कारण आज पनि उनका कविताको अध्ययन निरन्तर छ। चर्चा परिचर्चा, अन्वेषण, परीक्षण अविरल छ। सम्भावनाहरू अझ फराकिला देखिन्छन्, युगैपिच्छे यी कविताका नयाँ सौन्दर्य र नयाँ प्रासङ्गिकता हेरिएलान्, नौला अन्वेषणले नौला बाटाहरू भेटिएलान्, यी यसरी गाँजिइरहने, मौलाइरहने, तपिरहने, नयाँ रङ्गरूपमा फेरिइरहने चिरञ्जीवी काव्यतरु बनिरहलान्। जसरी आज संसारमा महान् चित्रकार विन्सेन्ट भ्यानगोलाई उनका प्रशंसकहरूले जिउँदो बनाइरहेका छन्। भ्यानगोलाई आलोचकहरूले पागल, एकलकाँटे, जङ्गली, घोसे, घोप्टे, अवसादी अनेक थोक भने तर उनको प्रतिष्ठा मरेन। आज दुनियाँका कलाप्रेमीहरूले उनी र उनका कृतिहरूको पुनर्पठन गर्ने, तिनलाई व्यावहारिक जीवनमा समेत प्रयोग गर्ने मिठो अभ्यास गरिरहेका छन्। उनको श्रेष्ठ चित्रकला 'स्टारी नाइट'लाई मात्र कैयौँ नयाँ नयाँ अवतारमा विपठन र विनिर्माण गरिएको छ। उनीबारे पुस्तक लेखिए, गीत, कविता, नाटक, चित्र, सिनेमा इत्यादि बनिए। भ्यानगो समकालीन कला जगत्मा पनि उत्तिकै प्रासङ्गिक भइरहेका छन्। डन मेक्लिनले लेखेको 'विन्सेन्ट' शीर्षक गीत यस्तै एउटा उदाहरण हो-

१. इन्द्रबहादुर राई, सन् २००४, 'डायरीमा तीन प्रविष्टिः गिरीमाथि', विजयकुमार राई र अन्य (सम्पा), **इन्द्र सम्पूर्ण**, भाग ४, नाम्ची, सिक्किम, निर्माण प्रकाशन, पृ १०९



Scanned with ACE Scanner